## महामहिम राजदूत श्री डोरनाथ अर्यालले संसदीय सुनुवाई समितिमा राजदूतको हैसियतमा गर्ने प्रतिवद्धता सहितको कार्ययोजनाको मुख्य अंश जस्ताको तस्तै !!

### माननीय सभापतिज्यू, माननीय सदस्यज्यूहरु

अब म राजदूतको हैसियतमा गर्ने मेरो प्रतिवद्धता सहितको संक्षिप्त कार्ययोजना देहायबमोजिम प्रस्तुत गर्न चाहन्छु :

### क) कूटनीतिक कार्य

१) **ओहदाको प्रमाणपत्र पेश र शिष्टाचार भेटहरुः** ओमानको स्थानीय प्रचलनअनुसार ओहदाको प्रमाणपत्र पेश गर्नुपूर्व र पेश गरी सकेपछि ओमानका उच्चस्तरका पदाधिकारीहरुसँग भेटघाट गर्नेछु । त्यस्तै मस्कटस्थित विभिन्न देशका कूटनीतिक नियोगका प्रमुखहरुसँग शिष्टाचार भेट गर्नेछु ।

२) **उच्चस्तरीय भ्रमणः** नेपालबाट विभिन्न उच्चस्तरीय भ्रमणहरु भए तापनि ओमानबाट उच्च स्तरका भ्रमणहरु हुन सकेका छैनन् । दुईपक्षीय सम्बन्धलाई अझ प्रगाढ बनाउन, व्यापार, पर्यटन, लगानी बढाउन तथा नेपाली श्रमिकहरुको समस्याहरुलाई सम्बोधन र रोजगारीका राम्रा अवशरहरु खोज्न ओमानबाट पनि उच्चस्तरको भ्रमण गराउन पहल गर्नेछु । उच्चतहमा हुने शिष्टाचार भेटदेखि नै यी कुराहरुलाई राखी सफल गराउन प्रयास गर्नेछु ।

३) **आर्थिक, सामाजिक तथा राजनैतिक विषयहरुको विष्लेषण र प्रतिवेदनः** ओमानको आर्थिक, सामाजिक तथा राजनैतिक विषयहरुको गहन र शुक्ष्म विष्लेषण गरी हरेक महिना मन्त्रालयमा प्रतिवेदन पेश गर्नेछु । हरेक प्रतिवेदनमा ओमानबाट नेपालले सिक्न सक्ने कुराहरुलाई पनि समावेश गर्ने छु ।

४) **उच्चस्तरमा सम्पर्क विस्तार गर्नेः** विभिन्न भेटघाट, कार्यक्रम आदिको माध्यमबाट उच्चस्तरमा सम्पर्क विस्तार गर्नेछु ।

**५) हालसम्म सम्पन्न भएका सम्झौताहरुको कार्यान्वयन र नयाँ सम्झौता गर्ने :**

हालसम्म सम्पन्न भएका सम्झौताहरुको पूर्ण कार्यान्वयनको लागि पहल गर्नेछु । हाल पाइपलाइनमा अर्थात छलफलको क्रममा रहेका श्रम सम्झौता र पर्यटन सहयोग सम्बन्धी समझदारीपत्रलाई यथासक्य छिटो अन्तिमरुप दिन कोशिष गर्नेछु । साथै नेपालको हितमा हुने अन्य हवाई सेवा सम्बन्धी सम्झौता, दोहोरो कर उन्मुक्ति सम्झौतालगायतका नयाँ सम्झौताहरु गर्न पहल गर्नेछु ।

६) **अवैतनिक वाणिज्यदूतको नियुक्तिः** धेरै नेपाली कामदारहरु भएको र पर्यटन, उद्योग, वाणिज्य आदि कारणले महत्वपूर्ण सलाला शहर मस्कट भन्दा ११०० किलो मीटर टाढा रहेको र यो शहरमा अवैतनिक नेपाली वाणिज्यदूतको नियुक्ति गर्न आवश्यक देखिन्छ । यसको लागि ओमान सरकारको नीतिअनुरुप ओमान सरकारको सम्बन्धित निकायबाट आवश्यक स्वीकृति लिई परराष्ट्र मन्त्रालयमा सिफारिस गर्नेछु । ओहदाको प्रमाणपत्र पेश गरे लगत्तै यो कार्यको लागि पहल गर्नेछु ।

**७) द्विपक्षीयको सहयोग संयन्त्रको वैठकः** सन् २०१७ मा समझदारीपत्रमा हस्ताक्षर भई यो संयन्त्र गठन भएको भए तापनि हालसम्म वैठक सम्पन्न हुन सकेको छैन । यो संयन्त्रको पहिलो बैठक यथासक्य छिटो गराउन पहल गर्नेछु । साथै त्यसपछि नियमित बैठकहरु गर्न पूर्व निर्धारित कार्यतालिका बनाई सोहीअनुसार नियमित बैठकहरु गर्न कोशिस गर्नेछु ।

**८) नेपालमा ओमानको राजदूतावास खोल्न पहल गर्नेः** नेपालमा ओमानको राजदूतावास खोल्नका ओमान सरकारको सम्बन्धित निकायमा अनुरोध गरी शुरुदेखि नै पहल गर्नेछु ।

**९) महत्वपूर्ण नीति परिवर्तन तथा हाम्रा दुई छिमेकी मुलुकहरुसँग ओमानको सम्बन्धः** ओमानले कुनै महत्वपूर्ण नीति परिवर्तन गरेमा, हाम्रा छिमेकि मुलुकहरुको नीतिमा परिवर्तन भएमा त्यसमा आफूले सुक्ष्म अध्ययन र विस्लेषण गरी सुझावहरु सहित तुरुन्त परराष्ट्र मन्त्रालयमा प्रतिवेदन पेश गर्नेछु ।

**१०) नेपालको मिनरल वाटर निर्यातको प्रयासः** हाम्रा हिमालयहुँदै बगेको स्वच्छ पानी अर्थात मिनरल वाटर निर्यातको लागि प्रयास गर्नेछु ।

## ख) आर्थिक कूटनीति सम्बन्धी कार्य

### १) वैदेशिक रोजगारीः

मैले वैदेशिक रोजगारी प्रवर्द्धनका लागि निम्न कुराहरु गर्नेछुः

- हाल विचाराधीन रहेको श्रम सम्झौतालाई अन्तिम रुप दिने प्रयास गर्नेछु
- दक्ष र व्यवसायिक जनशक्तिका लागि वैदेशिक रोजगारीका अवशरहरु खोजी गर्नेछु ।
- श्रमिकहरु बढी भएको क्षेत्रहरुमा कम्तिमा हरेक बर्ष अन्तरक्रिया कार्यक्रमहरु गरी उहाँहरुको समस्याहरु बुझ्ने र समस्याको समाधान गर्न क्रियाशील हुनेछु ।
- ओमानमा गर्न हुने र नहुने विषयहरु समेत समावेश गरी म बहाली भएको एक बर्ष भित्र सरल भाषामा हाते पुस्तिका तयार गरी वितरण गर्नेछु ।
- नेपाली डायस्पोरा र ओमानका सरकारी निकायका सम्बन्धित पदाधिकारीहरु समेतको सहयोगमा नेपालीहरुका लागि नयाँ, सुरक्षित र प्रतिष्ठित कम्पनीहरु खोजी गर्नेछु । यसका लागि यस्ता कम्पनीहरुको स्थलगत भ्रमण र भेटघाट गर्नेछु ।
- राजदूतावासको वेबसाइटमा जनचेतनामुलक सामाग्री तथा भिडियोहरु राख्ने व्यवस्था गर्नेछु र त्यसलाई नियमित अपडेट गर्नेछु ।
- कामदारहरुको बीमा तथा क्षतिपूर्तिको लागि हदैसम्म प्रयास गर्नेछु ।
- राजदूतावासमा रहेको सेल्टरलाई सफासुग्घर र व्यवस्थित बनाउनेछु । सेल्टरमा बस्न बाध्य कामदारहरुको सुझावहरु संकलन गरी जनचेतनामुलक सामाग्रीहरुमा समावेश गर्नेछु ।
- रोजगारीको सिलसिलामा अप्ठ्यारोमा परेका कामदारहरुलाई उद्दार गर्न चौबीसै घण्टा उठ्ने गरी हटलाइन टेलिफोनको व्यवस्था गर्नेछु ।

**(२) व्यापार प्रवर्द्धन**

हाल ओमानसँगको व्यापार अत्यन्त कम र ओमानको पक्षमा छ । नेपालले ओमानबाट सवारी साधनका पाटर्सहरु, प्लेट शिट, पलास्टिक स्ट्रिप आदि आयत गर्ने गरेको छ। नेपालले कार्पेट, ऊनका बुनेका सामान आदि निर्यात गर्ने गरेको छ। सन् २०१८।२०१९ मा नेपालले ८२७५ डलर बराबरको सामान निर्यात गरेको थियो भने १ करोड ६७ लाख डलर बराबरको सामान आयात गरेको थियो । नेपाली अर्गानिक चिया, कफी, पानी, जडिबुटी, खाद्यान्य, हस्तकलाका सामान, कार्पेट, पस्मिना, मसलाहरु (बेसार, अदुवा, सुँठो अलैची) आदि निर्यात गर्न सकिने सम्भावना भएका बस्तुहरु पर्दछन् । मैले व्यापार प्रवर्द्धनका लागि निम्न कुराहरु गर्नेछुः

- नेपाली डायस्पोरा, व्यापार संघहरु समेतको सहयोगमा तुलनात्मक लाभ हुने र निर्यातको लागि संभाब्य बस्तुहरुको सूची तयार गर्नेछु ।
- यस्ता सम्भाब्य बस्तुहरु राखेर व्यापार मेलाहरुमा भाग लिने र आयोजना गर्ने व्यवस्था गर्नेछु ।
- राजदूतावासबाट उच्चपदस्थ अधिकारीहरुलाई साधनश्रोतले भ्याएसम्म यस्ता निर्यात प्रवर्द्धन हुने खालका नेपाली बस्तुहरु उपहारकोरुपमा दिने व्यवस्था गर्नेछु ।
- राजदूताबासमा देखिने गरी निर्यातयोग्य वस्तुहरुको विवरण सहित प्रदर्शन गर्नेछु ।
- दुबै देशका उद्यमीहरु बीच भेटघाटको प्रबन्ध मिलाउने छु ।
- व्यापार मेलाहरुमा भाग लिने व्यवस्था मिलाउनेछु ।
- उद्यमीहरुलाई आमन्त्रण गरी प्रस्तुतीकरण तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्नेछु ।
- राजदूतावासको वेबसाइट, मिडिया, भाषण, अन्तरवार्ता आदिको माध्यमबाट पनि प्रचार प्रसारको व्यवस्था गर्नेछु ।

**३) लगानी प्रवर्द्धन**

ओमानीहरु नेपालको हाइड्रो पावर लगायतका क्षेत्रमा लगानी गर्न इच्छुक भएको देखिन्छ । एक प्राविधिक टोलीले अरुण चौथोको भ्रमण गरेर गएको छ। सन् २०१९ मा सम्पन्न भएको लगानी सम्मेलनमा ओमानले भाग लिएको थियो । मैले लगानी प्रवर्द्धन गर्न निम्नानुसार कार्यहरु गर्नेछु :

- लगानी वोर्डसँग समन्वय गरी लगानीको सम्भाब्य क्षेत्रहरु पहिचान गर्ने ।
- नेपालमा लगानी सम्बन्धी प्रक्रियागत कुराहरको जानकारी गराउने ।
- इच्छुक लगानीकर्ताहरुसँग बैठक गर्ने, सूचनाहरु उपलब्ध गराउने र हरेक प्रकारको सहजीकरण गर्ने ।
- लगानी प्रवर्द्धन हुने खालका अन्तरक्रिया तथा छलफल कार्यक्रमहरु आयोजना गर्ने ।

(४) **पर्यटन प्रवर्द्धन**

ओमानीहरुको विदेशयात्रा गर्नेक्रम बढ्दो रुपमा छ । आर्थिकरुपमा सम्पन्नशाली व्यक्तिहरु प्रशस्त हुनाले गुणात्मक पर्यटनका लागि आकर्षण गर्न सकिने सम्भावनाहरु नेपालमा प्रचुरमात्रामा छन् । पर्यटन प्रवर्द्धन गर्न मैले निम्न कार्यहरु गर्ने प्रयास गर्नेछुः

- पर्यटन सहयोग सम्बन्धी समझदारीलाई अन्तिमरुप दिने ।
- पत्रकार वा ट्राभल एजेन्सलाई बर्षमा कम्तिमा एउटा फाम ट्रिप (Familiarization Trip) मा नेपाल पठाउने व्यवस्था गर्ने ।
- हरेकबर्ष सांस्कृतिक कार्यक्रम सहित सगरमाथा दिवसको अवसरमा कार्यक्रम आयोजना गर्ने ।
- नेपालका महत्वपूर्ण प्राकृतिक सम्पदाहरुको फ्रेम सहितका पोस्टर तथा तस्विरहरु ठूला होटलहरु, कम्पनीहरु, अस्पतालहरुमा उपहारको रुपमा दिई सबैले देख्नसक्ने गरी राख्न प्रोत्साहित गर्ने ।
- पर्यटन सम्बन्धी मेलामा भाग लिने ।
- पत्रकार, ट्राभल व्यवसायी, सम्बन्धित सरकारी निकायका पदाधिकारीहरु आमन्त्रण गरी अन्तरक्रिया, प्रस्तुतीकरण र सो पश्चात सांस्कृतिक कार्यक्रम गर्ने ।
- हिमाल आरोहण गरेका, नेपाल भ्रमण गरेका ओमानी नागरिक र ट्राभल एजेन्टसहरुलाई अरबी भाषामा आफ्नो राम्रा अनुभव शेयर गर्न आमन्त्रण गर्न ।
- राजदूतावासमा टिभिमा नियमितरुपमा पर्यटन प्रवर्द्धन सम्बन्धी भिडियो र तस्विर डिस्प्ले गर्ने व्यवस्था गर्ने ।
- राजदूतावासको वेबसाइट तथा सोसल मिडियामार्फत प्रचारप्रसार गर्ने ।
- नेपालका विभिन्न पर्यटन प्रवर्द्धन गर्ने निकायहरुसँग आवश्यक समन्वय गरी ट्रेकिङ्ग, माउन्टेन फ्लाइट सहित ओमानी नागरिकहरुको रुचिअनुसार प्याकेज टुरको व्यवस्था गर्न सम्बन्धित निकाय मार्फत प्रयास गर्ने ।
- पर्यटन सामाग्रीहरु तथा भिडियोहरु अरबी भाषामा समेत बनाई प्रचारप्रसार गर्ने ।
- नेपालको ध्वजाबाहक जहाजले सीधा उडान भर्ने व्यबस्था गर्न पहल गर्ने । ओमानको विमानस्थल विस्तार र अत्याधुनिक गरिएसँगै अन्तरराष्ट्रिय उडानको लागि ट्रान्जिट हब बनेको छ । कतार र युएईमा हवाइ चाप बढेसँगै ओमानमा अवसर बढेको छ । अरब प्रायद्वीपको तटस्थ देश हुनाले, कुटनीतिक, विशेष र सर्भिस राहदानीबाहकलाई अनअराइभल भिसा पाउने कारणले पनि नेपाल वायुसेवा निगमले ओमनलाई प्राथमिकतामा राख्नु पर्ने देखिएको छ ।

**(५) वैदेशिक सहयोग जुटाउन पहल**

नेपाल सरकारको नीति र परराष्ट्र मन्त्रालयको निर्देशनबमोजिम वैदेशिक सहायता जुटाउन प्रयत्न गर्नेछु ।

६) संस्कृति प्रवर्द्धन

नेपालको सस्कृति प्रवर्द्धन गर्न निम्न कार्यहरु गर्नेछु :

- सांस्कृतिक, प्राज्ञिक सम्पर्क विस्तार गर्ने ।
- दुबै देशका शहरहरुबीचमा भगिनी सम्बन्ध विस्तार गर्ने ।
- राष्ट्रिय दिवसको अवशरमा सांस्कृतिक कार्यक्रम पनि आयोजना गर्ने ।
- नेपाली कला, संस्कृति र संस्कार झल्कने सांस्कृतिक कार्यक्रमहरु आयोजना गर्ने ।

**७) प्रविधि हस्तान्तरण**

खनिज, खनिज, मेशिनरी औजार, फोहर व्यवस्थापन लगायतका क्षेत्रहरुमा प्रविधि भित्राउन पहल गर्नेछु ।

**८) सार्वजनिक कूटनीति**

सार्वजनिक कूटनीतिको माध्यमबाट नेपालको विशिष्ट पहिचान र छविलाई प्रवर्द्धन गर्नेछु । साथै नेपालको जैवीक विविधता, भौगोलिक र सांस्कृतिक विशिष्टताहरु, पुरातात्विक महत्वका धरोहरहरु आदिको प्रचारप्रसार गर्नेछु ।

**९) जनस्तरको सम्बन्ध**

करिब १९५०० नेपालीहरु कार्यरत रहेको ओमानमा जनस्तरको सम्बन्धलाई बढावा दिन अत्यावश्यक छ । जनस्तरको सम्बन्ध विस्तार गर्न निम्न कार्यहरु गर्नेछु :

- उद्यमी, व्यवसायी, राजनीतिज्ञ, विद्यार्थीहरुको आदानप्रदान कार्यक्रमहरु आयोजना गर्ने
- ओमानी विद्यार्थीहरुलाई शैक्षिक भ्रमण र इन्टरर्नशिप गर्न नेपाल पठाउन पहल गर्ने
- संयुक्तरुपमा सांस्कृतिक कार्यक्रमहरु आयोजना गर्ने ।
- फाम ट्रिपहरुको आदान प्रदान गर्ने ।

**१०) नेपाली डायस्पोरा**

नेपाली डायस्पोरासँग आवश्यक समन्वय र सहकार्य गर्नेछु । डायस्पोराको सहयोग र सहकार्यमा निम्न कार्यहरु गर्नेछु :

- औपचारिक र अनौपचारिक नेपाली संघ संगठनका प्रतिनिधि समेत समावेश गरी आर्थिक कूटनीति सम्बन्धी स्थायी समिति गठन गर्ने ।
- आपसी समझदारीमा नेपालीहरुको हकहित प्रवर्द्धन गर्न र उद्दार गर्न स्वयम्सेवक तोक्ने
- कन्सुलर तथा राहदानी सम्बन्धी कार्यमा सहजीकरणको लागि स्वयम्सेवक तोक्ने ।
- राजदूतावासले आयोजना गर्ने विभिन्न कार्यक्रमहरुमा सहभागी गराउने ।

### ग) आन्तरिक प्रशासन तथा व्यवस्थापन

राजदूतावासको आन्तरिक व्यवस्थापन गर्न निम्न कार्यहरु गर्नेछु :

- नेपाल सम्बन्धी सबै सूचनाहरु समावेश भएको र राजदूतावासले प्रदान गर्ने सेवा तथा सूचनाको वडापत्र समावेश भएको अध्यावधिक गरी राजदूतावासको वेबसाइटमा राख्ने ।
- चान्सरी तथा राजदूत निवासको भवन निर्माणको प्रक्रिया थालनी गर्ने ।
- राजदूतावासमा अटोमेशन प्रभावकारीरुपमा लागू गरी सेवाप्रवाह छिटो, छरितो र पारदर्शी बनाउने ।
- नियोगको सम्पूर्ण आर्थिक एवं प्रशासनिक कार्यहरु पारदर्शी बनाई अनियमितता र भ्रष्टाचार प्रति शून्य सहनशीलता अपनाउने ।
- पछिल्लो प्रविधि एवम् सामाजिक सञ्जालमार्फत सेवा तथा सूचना प्रदान गर्ने व्यवस्था मिलाउने ।

### घ) अन्य कार्यहरु:

सम्मानित संसदीय सुनुवाइ समितिले दिएका निर्देशनहरु, परराष्ट्र मन्त्रालयले तोकेको आर्थिक कूटनीति अन्तर्गत देशगत रणनीतिहरु, राजदूतको कार्यविवरण अनुसारका कार्यहरु, समय समयमा नेपाल सरकार र परराष्ट्र मन्त्रालयले तोकेका कार्यहरु र अन्य भैपरी आउने कार्यहरु इमान्दारिता, तत्परता र शीघ्रताका साथ सम्पन्न गर्नेछु ।

अन्तमा, मैले औपचारिक र विधिवत रुपमा नेपाली राजदूतको रुपमा कार्यरम्भ गरे पश्चात मेरा यी प्रतिवद्धता सहितका कार्ययोजनाहरु राजदूतावासको वेबसाइट मार्फत सार्वजनिक गरी त्यसको प्रगति नियमित रुपमा अध्यावधिक गर्ने प्रण गर्दछु। जसले गर्दा म स्वयम्लाई उल्लेखित कार्य यथासमयमा नै सफलतासाथ कार्यान्वयन गर्न क्रियाशील गराउनेछ । निश्वार्थभावले देश र जनताको हितमा उर्जावान भई इमान्दारी र लगतशीलताको साथ काम गर्ने बाचा गर्दै मेरो संक्षिप्त प्रस्तुती यही बिट मार्छु ।

धन्यवाद ।